लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**भीम अस्पताल**
भैरहवा, रुपन्देही

**बिषय: अस्पतालको सुरक्षा गार्ड सेवाको लागि शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मितिः २०८३/०६/१३

यस अस्पतालको लागि सुरक्षा सेवा (Security Guard Services) १ वर्षको लागि आवश्यक भएकोले यो १५ दिने सुचना प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि सार्वजनिक संस्था/बैंकहरुमा यस प्रकारका सुरक्षा सेवा प्रदान गर्दै आईरहेका अनुभव प्राप्त इच्छुक सुरक्षा सेवा प्रदायक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट शिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ।

तपसिल:

१. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन कार्यालय समय भित्र फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, नविकृत आयकर दर्ताको प्रमाणपत्र तथा मुल्य अभिवृद्धीकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी सहित प्रत्येक फारामको रु १०००।०० (एक हजार रुपैया) मात्र (पछि फिर्ता नहुने गरी) नगदै बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरीद गरिएको शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको १२.०० बजे भित्र आवस्यक विवरणहरु स्पष्टसंग भरी सही छाप समेत गरी शिलवन्दी गरी खामको बाहिर भीम अस्पताल,रुपन्देहीको अस्पतालको सुरक्षा गार्ड सेवाको शिलवन्दी दरभाउपत्र_भनि उल्लेख गरी अस्पताल प्रमुखलाई सम्वोधन गरी यस कार्यालयमा दर्ता गर्न सकिनेछ।

३. दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको २ (दुई) वजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा खोलिनेछ । प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४.शिलबन्दी दरभाउपत्र खरीद गर्ने अन्तिम दिन, दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलीपल्ट र लगत्तै कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

५.शिलबन्दी दरभाउपत्रमा मुल्य अभिवृद्धी कर बाहेकको दररेट कवुल गर्नुपर्नेछ । दर तथा जम्मा महलमा अंक अक्षर दुबै प्रष्ट संग भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६.रीत नपुगेको वा म्याद नाघी आएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । शिलबन्दी दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्विकृत गर्ने अधिकार यस अस्पताललाई हुनेछ ।

७.यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ अनुसार तथा सम्झौता गर्दा उल्लेख गरेका बुंदा बमोजिम हुनेछ ।

८.अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा आई बुझ्न सकिनेछ ।

अस्पताल प्रमुख

**अस्पताल प्रमुख**

Email: admin.bhimhospital@lumbini.gov.np , Tel No:071-587793, Website: www.bhimhospital.gov.np